

वागीश्वरी मा‌विका विद्यार्थी
प्रतिभा प्रस्तुत गर्दैं


# वागीश्वरी
## The Bagiswori



वागीश्वरी मा‌विका विद्यार्थी
प्रतिभा प्रस्तुत गर्दैं

वर्ष:१३ ✹ अङ्क: ७ ✹ बुधबार, १४, कार्तिक २०८१ ✹ Tuesday, 30 Oct 2024 ✹ मूल्य रु.५/-





**नेपाल संवत् ११४५ नयाँ वर्ष (न्हु दँ) शुभ दीपावली तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक एवं शुभेच्छुकहरूलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।**

वागीश्वरी कलेज
तुमचो, कमलविनायक

वागीश्वरी कलेज अफ म्यानेजमेन्टे
तुमचो, कमलविनायक

वागीश्वरी मा.वि.
च्याम्हसिंह, तौलाछेँ


# शुभ दीपावली तथा ने.स. ११४५ नयाँ वर्ष (न्हु दँ)को उपलक्ष्यमा शुभकामना एवं सांस्कृतिक कार्यक्रम

भक्तपुर । वागीश्वरी मा.वि., वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ मानेज्मेन्टको संयुक्त आयोजनामा कार्तिक १४ गते वागीश्वरी मा.वि. कमलविनायक ब्लकको प्राङ्गणमा शुभ दीपावली तथा ने.सं. ११४५ नयाँ वर्ष (न्हु दँ)को उपलक्ष्यमा शुभकामना एवं सांस्कृतिक कार्यक्रम भएको छ ।

कार्यक्रमको पहिलो चरणमा शुभकामना आदानप्रदान प्रवचन कार्यक्रम हुने र दोस्रो चरणमा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम हुनेछ । कार्यक्रममा २८ वटा सांस्कृतिक प्रस्तुति रहेको आयोजक समितिले जनाएको छ

सोही अवसरमा वागीश्वरी मा.वि. विद्यार्थी हित समितिको आयोजनमा वागीश्वरी मा.वि. च्याम्हसिंह ब्लकको प्राङ्गणमा पनि सोही दिन दिवा समूहका विद्यार्थीहरूले शुभकामना तथा सांस्कृतिक कार्यक्रम गर्ने भएको छ ।

विद्यार्थी हित समितिका अध्यक्ष सुवान सुवालका अनुसार कार्यक्रममा २२ वटा सांकृतिक प्रस्तुतिहरू रहने छन् ।

# चवालीसौं नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) मा वागीश्वरीको सहभागिता





भक्तपुर । चवालीसौं नेपालभाषा साहित्य तःमुंज्या (सम्मेलन) गत असोज २८ र २९ गते स्थानीय लामुगा टोलमा भव्य रूपमा सम्पन्न भयो । उक्त सम्मेलनमा वागीश्वरी मा.वि., वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तर्फबाट क्रमशः समूह नृत्य, नाटक र समूह नृत्य प्रस्तुत गरेकामा दुवै कलेजले पुरस्कार जितेका छन् ।

वागीश्वरी कलेजबाट प्रस्तुत एकाङ्की नाटक ‘बर्बाद’ द्वितीय भएको छ भने नाटकका निर्देशक कलेजका उपप्राध्यापक राजन फेलु उत्कृष्ट निर्देशक घोषित हुनुभएको छ । त्यस्तै वागीश्वरी कलेज अफ म्यानेजमेन्टको प्रस्तुति समूह नृत्यकी छात्रा रोशना बेकोजु उत्कृष्ट नरटकी घोषित भएकी छिन् । तःमुंज्यामा सहभागी टोलीहरूलाई स्कुल र कलेजको तर्फबाट कार्तिक १५ गते एक विशेष कार्यक्रमको आयोजना गरी बधाईका साथ धन्यवाद ज्ञापन गर्ने भएको छ ।




पूर्ण रूपमा समुदायमा आधारित

**वागीश्वरी कलेज**

तुमचो, कमलविनायक-९ भक्तपुर
(त्रिविबाट सम्बन्धन प्राप्त)

कक्षा १२ को मौका परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई !

**स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना**

**BBS & BA/BASW**

**भर्ना आवेदन फाराम वितरण भइरहेको छ।**

विस्तृत जानकारीको लागि : वागीश्वरी कलेज
सम्पर्क नं. : ०१-६६१८३१९, ०१-६६२०५५०
इमेल : bagisworicollege072@gmail.com
वेभसाइट : www.bagisworicollege.edu.np

# नमुना विद्यालय कार्यान्वयनबारे भएको एक दिने गोष्ठीमा सहभागी




भक्तपुर । वागीश्वरी मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्य, विद्यालय व्यवस्थापन समितिका सदस्य शिक्षक राजन लाखा र लेखा अधिकृत सविन्द्र प्रजापति कार्तिक ५ गते वागमती प्रदेश सामाजिक विकास मन्त्रालय हेटौंडाको आयोजनामा भएको नमुना विद्यालय कार्यान्वयनबारे भएको एक दिने गोष्ठीमा सहभागी हुनुभयो ।



गोष्ठीमा प्रदेशभित्रमा नमुना विद्यालयहरूले गर्दै आएका गतिविधिको प्रस्तुति गर्न दिइएकोमा वागीश्वरी मा.वि.को तर्फबाट प्र.अ. कर्माचार्यले प्रदेशबाट प्राप्त सहयोगको अधिकतम उपयोग गरी वागीश्वरी स्कुलले आफ्नो मात्र नभई छिमेकी स्कुलहरूलाई पनि सघाउँदै आएको दृष्टान्त प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो- 'प्रदेशको सहयोगमा निर्मित भवनमा छिमेकी ब्रह्मचारिणी आ.वि. सञ्चालन गरेर सघाइरहेका छौं जुन स्कुल वागीश्वरी स्कुलमा मर्ज गर्न पठाइएको थियो; हामीले मर्ज गरेनौं बरु सबल बनाई चलाइरहेका छौं ।'

यसअघि स्थानीय सिद्धिशारदा आ.वि. पनि जिल्ला शिक्षा कार्यालयबाट वागीश्वरी स्कुलमा मर्ज गर्न पठाइएकोमा मर्ज नगरी छुट्टै सञ्चालन गरी सबल बनाएको पनि उहाँले सो अवसरमा जानकारी दिनुभयो ।

त्यस्तै हाल छिमेकी स्कुलहरू सरस्वती विद्यागृश मा.वि. र दत्तात्रय आ.वि.सँग मिलेर सहकार्य गरिरहेको पनि उहाँले बताउनुभयो ।

वार्षिक कार्य तालिका बनाई शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरू नियमित रूपमा भइरहेको बताउँदै उहाँले नियमित रूपमा 'वागीश्वरी' बुलेटिन प्रकाशित भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रम सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको प्रमुख आतिथ्यमा भएको थियो । उहाँले प्रदेशले नमुना विद्यालय विकास कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिने जानकारी दिनुभएको थियो ।

कार्यक्रममा वागमती प्रदेशका २० वटा मध्येबाट १९ वटा नमुना विद्यालयहरूले आआफ्नो गतिविधिबारे जानकारी दिएका थिए ।

# किन फेल हुन्छन् बालबालिका ?

अमितको रिजल्ट निस्कियो । ऊ फेल भयो र रुन थाल्यो । आमाले पनि उसलाई नै गाली गरिरहेकी थिइन् ।

अमितको रिजल्ट निस्कियो । ऊ फेल भयो र रुन थाल्यो । आमाले पनि उसलाई नै गाली गरिरहेकी थिइन् । सधैं घुमिरहन्छ, के पास हुञ्छ ? पढ्नु-लेख्नु छैन अमित फेल हुनुमा उसको मात्र के दोष छ ? एकपटक गम्भीर भएर सोच्नुहोस् । ऊ फेल हुनुमा उसको मात्र दोष छैन । सुरुदेखि उसलाई पढ्ने वातावरण मिलाइएको भए ऊ राम्रो नम्बर ल्याएर उत्तीर्ण हुन्थ्यो ।

हरेक आमाबाबु आफ्ना छोराछोरी ठूला भएर डाक्टर-इन्जिनियर अथवा कुनै ठूलो मान्छे बनून् भन्ने चाहन्छन् तर इच्छा गरेर मात्र हुँदैन । त्यसका लागि धेरै कुरा आवश्यक हुन्छ । सुरुदेखि नै शिशुमा अध्ययनप्रति रुचि उत्पन्न गराउनुपर्छ । महापुरुषहरूका जीवनी तथा कविताहरूद्वारा उनीहरूको मनमा ठूलो मानिस बन्ने लोभ उत्पन्न गराउनुपर्छ । शिशुलाई पिटेर पढाउनु हुँदैन । पिटेर पढ्न त पढ्छन् तर शिशुको मन पढाइतिर जान सक्दैन । पिटाइ खाएपछि उनीहरू डराउँछन् र आफ्नो पढाइमा भएका समस्याहरू भन्न सक्दैनन् । उनीहरूले विषयलाई सही तरिकाले बुझेका पनि हुँदैनन् । त्यसैले शिशुहरूलाई प्रेमपूर्वक पढाउनुपर्छ र उनीहरूको मनमा डर उत्पन्न हुन दिनुहुँदैन । शिशुलाई उसको साथीका रूपमा सम्झाउनुपर्छ जसले शिशुमा अपनत्वको भावना उत्पन्न हुन्छ र उसले तपाईं उसका कठिनाइहरूको समाधान चाहनुहुन्छ भन्ने महसुस गर्छ ।

निम्न कुरामा ध्यान दिनुपर्छ

- सधैं आफूले मात्र नपढाउनुहोस् । उसलाई आफैं पढ्न र बुझ्न दिनुहोस् ताकि पछि उसले हरेक प्रश्नको उत्तर दिन सक्ने क्षमता उत्पन्न गर्न सकोस् ।
- सधैं पढ मात्र नभन्नुहोस् । किनभने त्यसले शिशुमा अध्ययनप्रति अरूचि उत्पन्न गर्नसक्छ ।
- शिशुलाई कहिल्यै तँ भन्दा ऊ धेरै पढ्छ भन्नु हुँदैन । यसले उसमा हीन भावना उत्पन्न हुन्छ । शिशुमा मायाको भावना उपन्न गराउनुहोस् । तिमीले अझ बढी परिश्रम गर्‍यौ भने राम्रो नम्बर ल्याउन सक्छौ भनेर सम्झाउनु पर्छ ।
- घरमा पाहुना आएका बेला शिशुको अगाडि ऊ अध्ययनमा कमजोर भएको कुरा गर्नुहुँदैन । बरु शिशु पढ्नमा ठीक छ भन्यो भने उसमा राम्रो प्रभाव पर्छ । पढाइमा कमजोर भए पनि उसले त्यस्तो कुरा सुनेपछि आफू कमजोर भएको सबैले थाहा पाउलान् भन्ने डरले अझ राम्रोसँग पढ्ने प्रयास गर्छ ।
- कक्षाका पुस्तकहरूसँगै शिक्षाप्रद कथा एवं मनोरञ्जक पुस्तकहरू पढ्न दिनुपर्छ ।
- उनीहरूलाई खेल्न दिनुपर्छ । खेलले शरीर स्वस्थ हुन्छ र मस्तिष्क पनि ताजा रहन्छ ।
- मनोविज्ञहरूका अनुसार रुचिको पुस्तकले स्मृतिमा प्रभाव पार्छ । अतः विषय छनोट गर्दा आफ्नो इच्छाको विषयभन्दा शिशुको इच्छाको विषयलाई महत्त्वपूर्ण मान्नुपर्छ । उसलाई आफ्नो विषय आफैं छान्न दिनुपर्छ । यसरी आफ्नो रुचिको विषय छान्न पाए उसले मन लगाएर पढ्छ र परीक्षामा राम्रो परिणाम हात पार्न सक्छ । *(साभार)*

# वागीश्वरी मा. वि.ले वक्तृत्वकला प्रतियोगिता गर्ने

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गतका सामुदायिक स्कुलहरूबिच आपसी मित्रता र सहकार्यको लागि नियमित रूपमा आलोपालो भइरहेको विविध क्रियाकलापअन्तर्गत कार्तिक महिनामा वागीश्वरी मा.वि.ले वक्तृत्व कला प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

प्रतियोगितामा आयोजक वागीश्वरी मा.वि. सहित सरस्वती विद्यागृह मा.वि. लामगाल र दत्तात्रय आ.वि. दतात्रयका छात्र छात्राहरूको सहभागिता रहनेछ ।

वक्तृत्वकला प्रतियोगिता आयोजक समितिका अध्यक्ष शिक्षक बालगोपाल श्रेष्ठले दिनुभएको जानकारीअनुसार कक्षा ६,७ र ८ का विद्यार्थीहरूमध्ये छात्र र छात्राको लागि छुट्टाछुट्टै प्रतिस्पर्धा गराइनेछ ।

प्रतियोगिता छात्राको लागि 'विद्यालयमा पठन संस्कृतिको विकास' र छात्राको लागि 'विद्यार्थीलाई पुरस्कार र सजाय' विषयमा हुनेछ ।

प्रतिविद्यार्थी बढीमा ५ मिनेट बोल्नुपर्ने भनी प्रतियोगिताका नियमहरूसहित प्रत्राचार भइसकेको छ भने प्रतियोगिता कार्तिक २३ गते शुक्रबार वागीश्वरी मा.वि. च्याम्हासिंहको सभाकक्षमा हुने बताइएको छ ।

# वागीश्वरी मा.वि.मा ३ दिने रोबोटिक्स कार्यशाला सम्पन्न



कक्षा ११ र १२ का विज्ञान विषयका विद्यार्थीहरूलाई लक्षित गर्दै कार्तिक ९-११ सम्म ३ दिने रोबोटिक्स कार्यशाला सम्पन्न भएको छ । प्रयोगात्मक ज्ञान र सीप दिने उद्देश्यका साथ भएको उक्त कार्यशालामा इनोभ नेपाल इन भक्तपुरका सञ्चालकहरू ई. गौरव तमखु, ई. अनुप श्रेष्ठ र ई. सुविन श्रेष्ठले कार्यशाला सञ्चालन गर्नुभएको थियो ।



# महान वैज्ञानिकः स्टिफन विलियम हकिङ

✍ सुविना श्रेष्ठ
कक्षा -९

मानव हितका लागि आफ्नो जीवनमा योगदान पुऱ्याउने व्यक्ति हाल विरलै पाइन्छ । त्यसैगरी आफ्नो शारीरिक र मानसिक अवस्था नराम्रो स्थितिमा रहे पनि मानव हितका निम्ति आफ्नो शारीरिक दुरावस्थाको चिन्ता नगरी वैज्ञानिक खोज र आविष्कार गर्ने महान् व्यक्तित्व हुन्, स्टिफन हकिङ । आफ्नो आविष्कार र सिद्धान्तले मानव जगतलाई नयाँ युगतर्फ डोऱ्याउने हकिङले ब्ल्याकहोल सम्बन्धी अनुसन्धान गरेका थिए ।



स्टिफनकी आमा ४ महिनाको गर्भवती हुँदा दोस्रो विश्व युद्ध चलिरहेको थियो । त्यसैले सुरक्षित रहन उनीहरू अक्सफोर्डमा बसाइँ सरे । स्टिफन विलियम हकिङको जन्म सन् १९४२ जनवरी आठको दिन बेलायतको अक्सफोर्ड नामक शहरमा भएको थियो । उनी प्रयाङ्क हकिङ र इसाबेलको पहिलो सन्तानको रूपमा जन्मिएका थिए । हकिङ उनका आमाबुबाका लागि वरदानको रूपमा थिए । उनी पढाइमा त तेजिला थिए नै साथै विज्ञान क्षेत्रमा पनि इच्छुक थिए । उनी १३ वर्ष हुँदा उनले घडी र रेडियोको पार्ट पूर्जा निकालेर कम्प्युटर मर्मत गर्थे । त्यसैले उनलाई साथीहरूले आइन्स्टाइन भन्थे । उनलाई ताराहरू हेरिरहन मनपर्थ्यो । उनले विद्यालयीय शिक्षा सेन्ट अल्वान्स् विद्यालयबाट पूरा गरे । लण्डनको क्याम्ब्रिज कलेजमा उनी पछि भर्ना हुन पुगे । उनले त्यहाँ गएपछि गणित र भौतिक शास्त्रलाई आफ्नो विषय बनाए । सानैदेखि यान्त्रिक वस्तुमा चासो राख्ने हकिङले यन्त्रहरूलाई ध्यानपूर्वक हेरिरहन्थे । यसका संरचनालाई बुझ्ने र तिनमा आधारित नयाँ वस्तुका बारे हकिङ परिकल्पना गरिरहन्थे ।

क्याम्ब्रिज कलेजमा उनले गणित र भौतिक शास्त्र लिए पनि त्यस समय गणित पढाउने प्रोफेसर नभएकाले उनले भौतिक शास्त्रलाई आफ्नो मुख्य विषय बनाए । सन् १९६२ मा उनले क्याम्ब्रिज कलेजबाट प्राकृतिक विज्ञानमा प्रथम श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । हकिङलाई सानैदेखि रोग लागिरहन्थ्यो । अक्सफोर्डमा रहेको अक्सफोर्ड विद्यालयमा १५ वर्ष हुँदा रोग लागेर बिरामी भएकाले परीक्षा दिन पाएको थिएन । २१ वर्षको उमेरमा नसाको रोगले गर्दा उनलाई सामान्य हिँडडुल गर्नमा पनि आफ्नो नियन्त्रण नभएको महसुस गरे । यति मात्र नभई सन् १९६३ तिर आँखा तिर्मिराउने र आवाज पनि लटपटिएको जस्तो हुन थालेपछि परीक्षण गराउँदा उनलाई 'अस्योट्राफिक ल्याटरलेस्कलेरासिस' नामका स्नायु सम्बन्धी रोग भएको पत्ता लाग्यो । पहिले त उनी चिन्तित भए तर पछि उनले मानव हितका लागि केही गर्नुपर्छ भनेर सोचे ।

सन् १९६५ मा उनी लट्ठीको सहाराबिना हिँड्न नसक्ने नै भए । सन् १८६६मा उनले क्याम्ब्रिजबाट नै भौतिक शास्त्रमा विद्यावारिधि सम्पन्न गरे । सन् १९६८ मा उनी क्याम्ब्रिजमा खगोल अध्ययन संस्थामा सदस्य नियुक्त भए । सन् १९६९ तिर हातखुट्टा चल्न बन्द भएपछि उनी ह्विलचेयरको सहारामा उनले अध्ययन गरिरहे । उनले सन् १९७९मा गणित विषयमा क्याम्ब्रिजमा प्रोफेसर भएर काम गरे । उनको ह्विलचेयरमा कम्प्युटर जोडिएको थियो जसले उनको मस्तिष्कको तरङ्ग पाउँथ्यो । सन् १९८५मा श्वासनली शल्यक्रिया गरेपछि उनको आवाज गुम्यो र उनको ह्विलचेयरको कम्प्युटरले उनलाई सहयोग गर्थ्यो ।

खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ उनले आफ्नो शिक्षाको भोकलाई पूरा गरे । उनले आफ्नो ह्विलचेयरमा भएको कम्प्युटरको मद्दतले सन् १९९७ मा 'अ ब्रिफ हिस्ट्री अफ टाइम' नामक किताब लेखे जुन सदावहार सर्वाधिक बिक्री भएको पुस्तक भनी गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम राख्न सफल भयो । उनी आइनस्टाइनबाट प्रभावित भएका थिए र सापेक्षवादको सिद्धान्तको पनि व्याख्या गरे । हकिङ ब्रह्माण्डको उत्पत्ति र संरचना सम्बन्धी गहिरो अध्ययन गरी यस सम्बन्धी उनले आफ्नो मौलिक मान्यता प्रस्तुत गरे । क्वान्टम पुञ्जमा रहेका सर्वाधिक घनत्वको अवस्थामा रहेको बिन्दुलाई उनले ब्ल्याकहोल भने । उनको चिकित्सकले उनी २६ वर्ष हुँदा २ वर्ष मात्र बाँचिन्छ भने पनि उनलाई आफूमाथि हौसला थियो र उनले त्यस भनाइलाई गलत साबित गरे । भगवानले मानवलाई वरदान दिएझैँ हकिङ आए । उनले रोबटले विश्व चलाउनेछ, पृथ्वीको तापक्रम बढ्छ जस्ता भविष्यवाणी गरे । सन् १९८२ मा ब्रिटिस महारानी एलिजाबेथले उनलाई 'कमान्डर अफ द ब्रिटिस् एम्पाएर र अमेरिकी सरकारले सर्वोच्च नागरिक सम्मान 'राष्ट्रपति पदकबाट सम्मान गरे । उनका सिद्धान्त र जीवनको आधारमा धेरै चलचित्र र वृत्तचित्र जस्तै : स्टिफन हकिङ युनिभर्स, अ ब्रिफ हिस्ट्रिको टाइम आदि बनेका छन् ।

सन् २०१८ मार्च १४ मा ७६ वर्षीय जीवनसङ्घर्षबाट सदाका लागि विश्राम लिए । उनले मानव जगतका लागि पुऱ्याएका योगदानका कारण उनी सदासदा हाम्रो हृदयमा रहेका छन् । विज्ञान र वैज्ञानिकभन्दा दिमागमा आउने स्टिफन अमर रहून् ।

*(मा.वि. स्तरीय संयुक्त परीक्षा समिति भ.पु.को आयोजनामा तारा मा.वि.मा भाद्र ७ गते भएको जीवनी लेखन प्रतियोगितामा प्रथम स्थान प्राप्त )*

## फोटो फिचर

वागीश्वरीमा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रहरी विद्यालय सम्पर्क समिति गठन



शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक एवम् सूचना अधिकारी सुरेशकुमार जोशी कक्षा ९-१२ प्राविधिक धार सिभिलको कक्षा तथा ल्याब अनुगमनका क्रममा कक्षामा विद्यार्थीहरूसँग अन्तक्रिया गर्दै



चिनियाँ उच्चस्तरीय प्रतिनिधिमण्डल भक्तपुर भ्रमणको अवसरमा वागीश्वरी मा.वि.का विद्यार्थीहरूले प्रस्तुत गरेको माक प्याखं



वागीश्वरी माध्यमिक विद्यालयमा हरेक शुक्रबार हुने अत्तिरिक्त क्रियाकलाअन्तर्गत सञ्चालन भएको कक्षामा कक्षा ७ मा अध्ययन गर्ने छात्रा अर्चना शाहीले कोरेको पेन्टिङ




# भक्तपुर नगरव्यापी आधारभूत तहको कविता प्रतियोगितामा वागीश्वरी मा.वि. तेस्रो

प्रगति पुस्तकालय र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा भएको 'समाज परिवर्तनका लागि साहित्य' भन्ने मूल उद्देश्यका साथ ११५ औं महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको अवसरमा भक्तपुर नगरव्यापी आधारभूत तहको कविता प्रतियोगितामा वागीश्वरी मा.वि.की निशा थापाले तेस्रो पुरस्कार जितेकी छिन् भने प्रथम महेन्द्र विद्याश्रमकी मानुषी बोहरा, दोस्रो नेपा ह्युपा खलकी सिल्भिया प्रजापति र सान्त्वना लिशा इ. स्कूलका सृजल त्यात भएका थिए ।

भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिमो प्रमुख आतिथ्यतामा भएको पुरस्कार वितरण कार्यक्रममा उहाँले जनताको साहित्य लेख्दा जनताले बुझ्ने सरल भाषामा साहित्य सिर्जना गर्नुपर्नेमा जोड दिँदै विद्यार्थीहरू मेहेनती, परिश्रम र अध्ययनशील हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले विद्यार्थीहरूमा पठन संस्कृतिको विकासले उनीहरूको सर्वाङ्गीण विकासमा समेत टेवा पुग्ने बताउँदै विद्यार्थीको बौद्धिक विकासमा यस किसिमको प्रतियोगितालाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो । प्रतियोगितामा ३२ जना विद्यार्थीहरूले भाग लिएको जानकारी दिनुभयो

के तपाई कार्य ब्यस्तताले आफ्नो अध्ययनलाई निरन्तरता दिन सक्नुभएन ?
आउनुहोस् तपाईको ईच्छा हामी पुरा गरिदिन्छौं ।
भर्ना खुल्यो ! भर्ना खुल्यो !!
वागीश्वरी खुला विद्यालयमा खुला नि.मा.वि. तह (कक्षा–८) र खुला मा.वि. तह (कक्षा–१०) मा भर्ना खुल्यो।

वागीश्वरी माध्यमिक विद्यालय
च्याम्हासिंह-९, भक्तपुर
फोन नं. ०१–६६१४३९१, ६६१०२७०

BAGISWORI COLLEGE OF MANAGEMENT
Affiliated to Purbanchal University
BBA
Bachelor of Business Administration
AIM HIGH REACH HIGHER
ADMISSION OPEN

"A Perfect Destination for Your Academic Excellence"
ENROL NOW
Kamalbinayak-9, Bhaktapur
Phone: 01-6618319, 6620550

## कविता

### भ्रष्टाचार : सामाजिक कलङ्क

✍ श्रेया शाही, कक्षा - १०, वागीश्वरी मा.वि.

ऊ अझै पनि सूची बनाउँदै छ
कसको भागमा कति कति सबैलाई जनाउँदै छ
राज्यको ढुकुटी कता कता अझै खनाउँदै छ
ऊ भन्छ, ऊ देश बनाउँदै छ ।

युवाहरूलाई आज गोबर गन्हाउँदै छ
पसिना बगाई कमाएको रेमिट्यान्स कता जमाउँदै छ
हामीलाई थाहा छ ऊ बियर र ह्विस्कीमा रमाउँदै छ
फेरि पनि हामी निमुखाको ऊ कठालो समाउँदै छ ।

पसिना कृषकको, तर धन ऊ कमाउँदै छ
एक पछि अर्को कार्यकर्ताको हात समाउँदै छ
नेपालआमा र नेपालीमाथि आफ्नो हक जमाउँदै छ
अनि ऊ भन्ने गर्छ ऊ देश बनाउँदै छ ।

आफ्नो घर ऊ छिमेकीलाई थमाउँदै छ
एमसीसीका बुँदाबुँदामा ऊ खुसी मनाउँदै छ
समाजवाद र राष्ट्रवादका नारा सुनाउँदै छ
मिठामिठा गफ मार्दै प्रतिनिधि चुनाउँदै छ ।

कर्णालीलाई विकासको ऊ बासना सुँघाउँदै छ
भ्रष्टाचारको फल फल्ने फूल फुलाउँदै छ
एक पछि अर्को जनशक्ति गुमाउँदै छ
अझै पनि ऊ भन्छ, ऊ देश बनाउँदै छ ।

गण्डकी, महाकाली, नेपालआमाका अङ्ग खेलाउँदै छ
तँ मेरो, तँ उसको भनी तरकारीझैँ केलाउँदै छ
महँगी, कर वृद्धि, हामी नेपालीलाई के केमा झेलाउँदै छ
भ्रष्टाचार, अत्याचारविरुद्धको हड्ताल किन सेलाउँदै छ ?

धर्मराज्य हाम्रो हेर आज बिलाउँदै छ
फाटेको मन एक नेपाली आज सिलाउँदै छ
ऊ यता थोरै उता थोरै अझै मिलाउँदै छ
ऊ भन्छ ऊ अझै पनि देश बनाउँदै छ ।

यही देशमा सुन्नुपर्छ भ्रष्टाचारको समाचार
संसारमा भरमा बिग्रिसक्यो नेपालको अनुहार
भ्रष्टाचारको कलङ्कलाई सबै मिलीकन
हटाउनै पर्ने भयो है नेपाली जन ॥

(२०८१।०५।०७ गते, भनपा नं. ९ वडा समितिको आयोजना भक्तपुर नगरव्यापी कक्षा ८,९ र १० स्तरीय भएको कविता प्रतियोगितामा दोस्रो हुन सफल)

### मिलेर हामी नउठेसम्म

✍ इन्द्रकुमार श्रेष्ठ
(नेपाली शिक्षक, वागीश्वरी मा.वि.)

भुक्तै छन् कुकुर टोक्लाझैँ गरी झम्टेर स्याललाई
भागेझैँ गर्छन् ती स्याल अनि, 'भन्दछन् के छ भाइ ?'
टोक्तैन कुकुर भुकेको मात्र स्याल पनि साथी हो
भेटेर भन्छन्, "दुई थरी हामी मिलेकै जाती हो ।"

तर्सनु पर्छ के होला भनी तर्सिने बानीझैँ
गर्जिन्छ बादल कहिलेकाहीँ पर्ला कि पानीझैँ
के के न होला भन्ठान्छौँ हामी हुँदैन केही पनि
झुक्याउने कला जानेको कति के के न हौँ भनी ।

पोलिए आफू अरूलाई "तँ नि !" भनेर पोल्ने हुन्
कसैलाई दोषी भनेका बेला ती पनि बोल्ने हुन्
कोही छैनन् चोखा असल भन्ने सत्ताका शिकारी
सुनको देशमा बसेर पनि बन्या' छौँ भिखारी !

सुनियो धेरै हेरियो धेरै आशामा रमेर
आलो र पालो बसेका देख्यौँ सत्तामा जमेर
ती सारा मिलून् ती सारा बाझून् केहीले छुँदैन
मिलेर हामी नउठेसम्म केही पनि हुँदैन ।

प्रकाशक: वागीश्वरी कलेज स्नातक तह प्रथम वर्ष नेपाली पत्रकारिताका विद्यार्थी, कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagisworicollege.com.np, Email:bagisworicollege072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें